(निबन्ध)



सङ्गीत आयाम
चितवन, भरतपुर
sangeetaayam@gmail.com

# शक्ति र प्राप्ति

म मूल सडकको मध्यविन्दु टेकेर उभिएको छु । जतासुकै कोलाहल छ । सडक कहिल्यै पनि सुनसान रहेन । कहिले दिनभरि मान्छेहरूका भीडको कारण त कहिले रातभरि गाडीहरूको कारण । सडकले आफ्नो एकाग्रता एकान्तमा पोख्न कहिल्यै पनि पाएन भन्नुपर्छ । सडकको यो नियति यथावत् नै छ र सँधै रहने छ । आफूलाई ओछ्याएर अरूको निम्ति मात्र भैदिने सडक सधैं अभिशप्त रह्यो विभिन्न खाले दुर्वासाहरूको श्रापले । म तत्कालै त्यस सडकको मध्यविन्दुलाई छोडेर छेउतिर सरें ।

चराका झुण्डझैँ मान्छेले पनि आफ्ना झुण्डलाई एकत्रित पारेर सडकका चोक र कुनाकाप्चामा दावाग्नी तापेको छ जीवनमूल्यको, यो कति सार्थक छ त्यो आफ्नो ठाउँमा छँदैछ तर अनावश्यक हस्तक्षेपको लागि सडक यसरी नै श्रापित छ शताब्दियौं देखि । सडक यी सबका लागि तयार छैन तर मान्छेले आफूलाई श्रेष्ठ घोषित गर्दै सडकको प्रयोग गरेर क्रमशः भऱ्याङ चढिरहेछ ।

मलाई यतिखेर कवि भूपी शेरचनको ‘यो हल्लै हल्लाको देश हो’ भन्ने कविताको सम्झना आइरहेछ । कवि भूपीले यस कवितामा समाजको संरचनालाई मात्र होइन; मान्छेका आचरण र प्रवृत्तिहरूलाई पनि उदाङ्गो पारेका छन् । त्यही कविताका हरफहरूभित्र लुकेर बसेका नायकहरू मेरो अगाडि सजीव मान्छेका आवरण र आवृत्तिहरू लिएर उभिएका छन् सडकभरि फैलिएर । म देख्छु, कोही चर्चा पाउनु नै आफ्नो नियति रहेको सार्वजनिक रूपले उद्घोष गर्दै सडक नापिरहेछन् भने कोही ठूलो मान्छे भैसकें भनेर विज्ञापनको साथमा पसल थापिरहेछन् । मान्छेका बोझिल पाइलाहरूका भार थाम्न नसकेर सडक अभिशप्त हुने क्रम बढ्दो छ । सडकले वास्तवमा मुक्ति खोजिरहेछ तर मुक्त हुन सकिरहेको छैन । सडक त मान्छेले बनाएका पिँजडाका संयन्त्रभित्र कैद छ ।

म केही पर पुगें । पातहरू झरेर नाङ्गो भएको रूख नजिकै छु यतिखेर । रूख त समग्र देशले आफूभरि खोपेको इतिहासको प्रतिबिम्बन जस्तो लाग्छ । सिङ्गो भूगोलको प्रतीक झैं भएर सायद रूख कुनै उदास गीत गाइरहेको छ । चराहरूको वासस्थान रूख भए झैं मान्छेहरूका वासस्थान देश हो । चराहरूले रूखलाई त्यागेर हिँडे झैं आज लाखौं मान्छेहरू पनि देशलाई छोड्ने क्रममा छन् । काम र मामको आशामा मुग्लान भासिएकाहरूको कुनै गणना नै छैन, अनगिन्ती लस्कर देख्न सकिन्छ सिमाना काट्दै गरेकाहरूको । आज मान्छेको कारण मान्छे नै विस्थापित छ । तत्कालै मेरो मस्तिष्कमा एउटा कुराले फन्को मार्छ । मेरो सामुन्नेको यो उजाड रूखलाई पनि मान्छेले छोड्ने छैन । चिरहरणको शैलीमा आक्रमण गर्नेछ मान्छेले यो रूखलाई । अपवादलाई छोड्ने हो भने मान्छेको प्रवृत्ति र प्रकृति दूर्योधनसँग बढी मेल खान्छ । त्यस्तै उदाङ्गो पारिएको यो देशको अवस्था के होला ? के देश गलत सँस्कार र आचरण लिएका मान्छेहरूले निर्माण गरेको चक्रब्यूहबाट बाहिर आउन सक्ला ?

मेरो सामुमा एउटा दृश्य छ । यसलाई लोकप्रिय दृश्य भन्नुपर्छ । यो सडक हो र म सडकमा छु । यहाँ धेरै प्रकारका कुराहरू घटित भैरहन्छन्, यहाँ उपस्थित हुने प्रायः आफ्नो हिसाबले त्यसको विविधता पिएर मस्त हुने गर्छन् । अँ, म कुरा गर्दै थिएँ, एउटा दृश्यको जो वर्तमान परिप्रेक्ष्यमा अत्यन्त लोकप्रिय पनि छ ।

निधारमा रातो टीकाको लर्को, गलामा रङ्गीबिरङ्गी फूलको माला र एउटा राम्रो कपडाको दोसल्ला ओढेर योगदानको कारणले भन्दा प्रचारप्रसारको कारणले बढी चर्चित भएका एकजना स्रष्टा म उभिएको चोकमा आएर टक्क रोकिन्छन् । उनको साथमा अरू आठ, दशजना पनि छन् । उनका अगाडि नै जिन्दगीभरि साधनारत र आफ्ना जीवनका प्रायः समय आफू लागेको क्षेत्रलाई समर्पित गरेका अर्का स्रष्टा पनि छन् । तर उनी विज्ञापन र प्रचार-प्रसारमा लिप्त नहुनाले कम चर्चामा छन् । म दुवैलाई हेर्छु । दुवै एउटै क्षेत्रमा लागेका तर कर्म र प्राप्तिमा कति ठूलो अन्तर । म सोचमग्न हुन्छु ।

दोसल्ला ओढ्नेले चारैतिर हेर्छन्, मुस्कुराउँछन् र हठात् अर्का स्रष्टालाई देखेर ठूलो ठूलो स्वरमा बोल्न थाल्छन् ।

“ए, तपाई ! आजको कार्यक्रममा आउनु भएन नि ! निमन्त्रणा त पठाएकै थियौं ।”

उताबाट उत्तर आउँछ, “आफ्नै कारणहरूले गर्दा म आउन ... ।”

“हेर्नोस्, कार्यक्रम भव्य थियो । हल खचाखच थियो । सञ्चारकर्मी र पत्रकारहरूको विशाल उपस्थितिको कारणले नै आजको कार्यक्रम अत्यन्त सफल रह्यो ।”

सायद उनी हतारमा थिए, आफ्नो बाटो लागे । गुरुमन्त्रद्वारा अभिमन्त्रित लस्कर पनि उनको पछि पछि लाग्यो ।

दिनको धमिलो प्रकाशमा घटित भएको त्यो दृश्यले म उद्वेलित भैरहें । शताब्दियौंदेखिको इतिहासले नाप्दै आएको गति त यही रहेछ । इतिहास यसरी नै अघि बढ्दो रहेछ । समयलाई हर तरहले प्रयोग गरेर आफूअनुकूल मोड्ने कामको शुरूवात यो नयाँ होइन, यो त परम्परा नै भएर आएको शाश्वत सत्य हो ।

दिन खस्दैछ साँझ भएर । अब साँझले घुम्टो हाल्न थालेछ । म घरतिर लाग्छु सबै आफ्नै कुरामा मग्न छन् । म एक्लो छु, आफ्ना पाइलाहरूको गति निर्धारण गर्छु ।

मान्छेले आफ्नो जिन्दगीभरि कति कुरा गर्दछन् तर कामको प्रकृति हेर्ने हो भने माइनसतिर नै गएको हामी पाउँदछौं । शक्ति र प्राप्तिको दौडमा आज मान्छेले मान्छेलाई कुल्चने क्रमको विकास अत्यधिक रूपमा रह्यो भन्नुपर्छ । आफूलाई बौद्धिक र समाजसँग तादात्म्य राख्ने मान्छेहरू आज कसैको घोडा भइरहेछन् अनि आफ्नो पालो आउँदा अरूलाई घोडा बनाएर लगाम खिच्ने उपक्रममा सामेल छन् ।

समय निरन्तर बग्छ । अब समयले नै सजायको उद्घोष गर्नुपर्दछ ।